# सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
# SUPPORT MICROFININCE BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'घ' वर्गको वित्तीय संस्था (१० जिल्लाकार्य क्षेत्र भएको)

केन्द्रीय कार्यालय, इटहरी - १, सुनसरी फोन : ०२५-५८८१७७, १७८, ६८७

Website : www.supportmicrofinance.com.np/E-mail smicrofinance7@gmail.com

## Unaudited Financial Results (Quarterly)

## At The End Of Third Quarter ( 2075.12.30 ) of Fiscal Year 2075/076

(Rs. in '000')

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **6,16,917.41** | **6,21,780.85** | **437,063.54** |
| 1.1 | Paid-up Capital | 60,000.00 | 60,000.00 | 60,000.00 |
| 1.2 | Reserves and Surplus | 5,524.40 | 4,172.55 | (994.29) |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 3,96,480.38 | 4,23,920.02 | 306,027.71 |
| 1.5 | Deposits (a+b) | **1,18,542.01** | **1,01,992.35** | **56,849.24** |
| | a. Member | 1,18,542.01 | 1,01,992.35 | 56,849.24 |
| | b. Public | | | |
| 1.6 | Income Tax Liabilities | | | |
| 1.7 | Other Liabilities | 36,370.62 | 31,695.93 | 15,180.88 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **6,16,917.41** | **6,21,780.85** | **437,063.54** |
| 2.1 | Cash & Bank Balance | 2,970.47 | 2,824.05 | 2,007.12 |
| 2.2 | Money at call and short Notice | 42,671.09 | 1,17,459.20 | 35,148.55 |
| 2.3 | Investments | 1,000.00 | 1,000.00 | 1,000.00 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | **5,41,718.65** | **4,74,323.49** | **391,361.61** |
| | a. Real Estate Loan | | | |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan up to Rs 10 million) | | | |
| | 2. Business Complex & Residential Apartment Construction Loan | | | |
| | 3. Income generating Commercial Complex Loan | | | |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | | | |
| | b. Personal Home Loan of Rs. 10 million or less | | | |
| | c. Margin Type Loan | | | |
| | d. Term Loan | | | |
| | e. Overdraft Loan / TR Loan / WC Loan | | | |
| | f. Others | 5,41,718.65 | 4,74,323.49 | 391,361.61 |
| 2.5 | Fixed Assets | 5,613.28 | 6,126.41 | 5,521.40 |
| 2.6 | Non-Banking Assets | | | |
| 2.7 | Other Assets | 22,943.92 | 20,047.70 | 2,024.86 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 57,265.15 | 36,746.81 | 42,235.16 |
| 3.2 | Interest Expense | 35,374.13 | 23,023.64 | 25,513.75 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **21,891.02** | **13,723.17** | **16,721.41** |
| 3.3 | Fees Commission and Discount | | | |
| 3.4 | Other Operating Income | 9,662.74 | 5,927.80 | 8,608.76 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **31,553.76** | **19,650.97** | **25,330.17** |
| 3.6 | Staff Expenses | 18,239.63 | 11,848.68 | 12,549.32 |
| 3.7 | Other Operating Expenses | 6,963.46 | 3,506.57 | 7,684.48 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **6,350.67** | **4,295.72** | **5,096.39** |
| 3.8 | Provision for Possible Loss | 3,097.39 | 3,166.78 | 7,091.66 |
| **D** | **Operating profit (C-3.8)** | **3,253.28** | **1,128.94** | **(1,995.26)** |
| 3.9 | Non-Operating Income/Expenses (Net) | | | |
| 3.1 | Write Back of Provision for Possible Loss | | | |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **3,253.28** | **1,128.94** | **(1,995.26)** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **3,253.28** | **1,128.94** | **(1,995.26)** |
| 3.12 | Provision For Staff Bonus | 295.75 | 102.63 | |
| 3.13 | Provision For Tax | 887.26 | 307.89 | |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **2,070.27** | **718.42** | **(1,995.26)** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 11.74% | 12.39% | 15.75% |
| 4.2 | Non-Performing Loan (NPL) to Total Loan | 2.86% | 3.53% | 2.39% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 61.12% | 56.97% | 107.68% |
| 4.4 | Cost of Funds | 11.07% | 10.76% | 12.00% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 21.88% | 21.50% | 14.53% |

| Interest Rate | |
|---|---|
| 1. Deposit 6% to 12% | 2. Loan & Advance 18 to 19.75% |

Note: Above position & performances are subject to change if instructed by statutory auditor and regulatory authority.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३
अनुसुची - १४ (नियम २६ को उपनियम १ संग सम्बन्धित)

# आ.व. २०७५/७६ को तेश्रो त्रैमासिक प्रतिवेदन

## १. वित्तीय विवरण

क) आ.व. २०७५/७६ को तेश्रो त्रैमास (२०७५।१२।३०) को वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु (आवश्यकता अनुसार वार्षिकिकरण गरिएको):

| प्रति शेयर आम्दानी | मुल्य आम्दानी अनुपात (P/E Ratio) | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मुल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| रु.४.६० | १२८.२४ | रु.१०९.२१ | रु.१०२८.२० | ८.८६% |

## २. व्यवस्थापकीय विश्लेषण :

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्बन्धी विवरण :** वित्तीय संस्थाको कारोबारको सामान्य बृद्धि भएको छ संगै वित्तीय संस्थाहरुमा देखा परेका अस्वस्थ प्रतिशपर्धाहरुका कारण चुनौतीहरु थपिएका छन् ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :** वित्तीय श्रोतमा आत्मनिर्भर हूनका लागि सदस्यहरुबाट बचत परिचालनमा जोड दिदै आएको छ । बचत परिचालनका लागि उत्प्रेरण गर्ने, संस्थाले प्रदान गर्ने बचतका सेवा र ब्याजदरलाई आकर्षक बनाउने कार्यलाई प्राथमिकता दिएको छ । ग्राहक सदस्यहरुलाई व्यवसायीक, वित्तीय साक्षर र उद्यमशील हुने बारे जानकारी गराउने तथा कर्मचारीको क्षमतामा अभिबृद्धि गरी कार्यकूशलता र उत्पादकत्वमा वृद्धि गर्ने, नियमित सुपरीवेक्षण गर्ने, कर्मचारीलाई आवश्यक तालिम तथा अर्न्तक्रिया गरी व्यवसाय बिस्तारमा जोड दिइएकोछ ।

ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :** लघुवित्त संस्थाहरुमा देखिएको कर्जाको दोहोरोपनाले ग्राहकको क्षमता भन्दा बढी कर्जा लगानी र यसको दुरुपयोग आदि कारणले वित्तीय कारोवारमा असर परिरहेको छ, साथै अस्वस्थ प्रतिस्पर्धाका कारण चुनौतिहरु वृद्धि हुने क्रम यथावत रहेको छ ।

## ३. कानुनी कारवाही सम्बन्धी विवरण :

क) यस त्रैमासिक अवधिमा वित्तीय संस्थाले कर्मचारी उपर वित्तीय स्रोतको दुरुपयोग गरेको दावी गरी मुद्दा दायर (कार्यवाही) प्रकृया अगाडि बढाएको र निज कर्मचारीलाई कारवाही प्रकृयामा पुर्पक्षको लागि कारागार चलान गरिएकोछ, भने संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना प्राप्त भएको पनि छैन ।

ख) यस त्रैमासिक अवधिमा वित्तीय संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको बिरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कूनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

## ४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :

क) शेयरको मुल्य तथा कारोवार खुल्ला बजारले निर्धारण गरे अनुरुप हुने हुँदा यसमा संस्था तथस्ट छ । यद्यपी संस्थाले शेयर मूल्यमा प्रभाव पार्न सक्ने कुनै पनि आधारभुत सूचना प्रचलित ऐन नियमको परिधि भित्र रही प्रवाहित गर्ने गरेको छ ।

ख) स्टक एकसचेन्ज लि.को वेभसाइट www.nepalstock.com तेस्रो त्रयमासको अवधिमा यस वित्तीय संस्थाको शेयरको कारोवार निम्नानुसार भएको देखिन्छ ।

| अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | कारोवार दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| रु.७५० | रु.५७५ | रु.५९० | ५९ दिन | ६८६ |

## ५. समस्या तथा चुनौती

संगठित संस्थाले बहन गर्नुपरेको समस्या तथा चुनौती स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने र उक्त समस्या तथा चुनौतीलाई संगठित संस्थाको आन्तरिक र बाह्य भनी वर्गिकरण गरी त्यस्तो समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापन अवलम्बन गरेको रणनीती सम्बन्धी विवरण ।

(क) कर्मचारी स्थानान्तरण दर हाल सम्म ठिकै भए पनि यो बढ्न गएमा यस संस्थामा पनि त्यसको असर पर्न सक्ने ।

(ख) थप विपन्न परिवारलाई सेवा पू्याउन भौगोलिक अवस्थाले समस्या आउन सक्ने ।

(ग) बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त ऋणमा ब्याजदर अस्थिर भईरहने कारणले नाफा नोक्सान हिसाबमा नकारात्मक असर पर्ने ।

(घ) लघुवित्त संस्थाहरुको संख्यात्मक वृद्धिका कारण एउटै सदस्यमा कर्जा कारोवारको दोहोरोपनाका कारण असुलीमा प्रत्यक्ष असर परी गुणस्तर कमजोर हुन सक्ने ।

## ६. संस्थागत सुशासन :

नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरु, कम्पनी ऐन, २०६३ (संशोधन सहित) बैंक तथा बित्तिय संस्था सम्बन्धि ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३, आयकर ऐन २०५८ आदि पालना गरिएको छ । वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा अपलेखन विनियामवली र अन्य आन्तरिक नीति निर्देशिकाहरु, आन्तरिक लेखापरिक्षण निर्देशिका, सूचना प्रणाली नीति, तयार गरी लागू गरिएको छ । त्यसै गरी लेखापरिक्षण समिति, जोखिम ब्यबस्थापन समिति र कर्मचारी सेवा सुविधा समिति गठन गरी कार्यान्वियनमा ल्याइएको छ ।

## ७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमूखको उद्घोषण :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छू । साथै म यो उदघोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पुर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित हुन निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन ।